# स्थानीय राजपत्र

बोगटान गाउँपालिकाद्वारा प्रकाशित

खण्ड : ......    संख्या : ........    मिति : २०७७/१०/२९

**भाग–.....**

# महिला विकास समुह / समिति गठन सम्वन्धि कार्यविधि, २०७७

**प्रस्तानाः**

महिला विकास कार्यक्रम विपन्न तथा राज्यको स्रोत र साधनमा पहुंच नपुगेका महिला तथा वालवालिकाहरुको जिवन स्तरमा सुधार ल्याउन, महिलाको आयआर्जनमा वृद्धि गर्न, महिलाको हकहितको रक्ष गर्न, राज्य संयन्त्रप्रति महिलाहरुको पँहुच स्थापित गर्न ,समग्र महिलाहरुको बहुआयामिक सशक्तिकरणका लागि वैकल्पिक अवसर सृजना गरि समतामुलक समाजको निर्माण गर्न महिलाहरु मात्र सदस्य रहनेगरि एक महिला विकास समिति / समुह गठन गरि वडासमितिको अधिनमा रहनेगरि स्थानिय सरकार संञ्चालन ऐन,२०७४को मर्म अनुरुप स्थानिय सेवाको अधिकतम उपयोग गर्न बोगटान फुडसिल गाँउपालिकाले यो कार्यविधि बनायको छ ।

**१ संक्षिप्त नाम र प्रारम्भः** यस कार्यविधिको नाम “बोगटान फुडसिल गाँउपालिकाको महिलाविकास समुह /समिति गठन सम्वन्धि कार्यविधि २०७७” रहेको छ ।

२ कार्यपालिकावाट स्विकृत भएको मितिदेखि यो कार्यविधि प्रारम्भ हुनेछ ।

२ **“प**रिभाषा” **: वि**षय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधमा

(क) “अध्यक्ष” भन्नाले बोगटान फुडसिल गाँउपालिकाको अध्यक्ष लाई जनाउँछ ।

(ख) “ वडाध्यक्ष” भन्नाले बोगटान फुडसिल गाँउपालिकाको वडाअध्यक्ष लाई जनाउँछ ।

(ग)“ प्रमुख प्रशासकिय अधिकृत” भन्नाले बोगटान फुडसिल गाँउपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई जनाउँछ

(घ)“ महिला” भन्नाले बोगटान फुडसिल गाँउपालिकाका सम्पुर्ण महिलालाई जनाउँछ ॥

(ङ) “गाँउपालिका” भन्नाले बोगटान फुडसिल गाँउपालिकालाई जनाउँछ ।

(च) ”कार्यपालिका” भन्नाले बोगटान फुडसिल गााँउपालिकाको कार्यपालिकालाई जनाउँछ ।

**३ उद्देश्य :** महिलाविकास समुह गठनका मुख्य उद्देश्य देहायबमोजिम रहनेछन् ।

(क) आर्थिक,सामाजिक ,राजनैतिक,शैक्षिक तथा सामाजिक रुपमा पिछिडियका अवसरवाट वाटवञ्चित विपन्न महिलाहरुका लागि चरणवद्धरुपमा चेतना जागरण ,क्षमता विकास एवम स्थानियस्तरमा महिलाहरु लाई सक्षम र आत्मनिर्भर गराउनु ।

(ख) सामाजिक कुरितिजन्य परम्परा,मानव वेचविखन,घरेलु हिंसा,अपराध तथा विभेदजन्य व्यवहार नियन्त्रणका लागि पुरुस समेतको सहभागितामा सामाजिक जागरण बढाउन ।

(ग) महिलामैत्रि विकास का क्रियाकलापको सुनिश्चितता गर्न , महिला हक अधिकारको विषयमा महिलालाई जागरुक वनाउन ।

(घ) समुह,समिति र महिला संस्थाको माध्यमवाट महिलाहरु लाई आत्मनिर्भर बनाई लैंगिक समतामुलक समाजको निमार्ण गर्न

(ङ) महिलामैत्रि लक्षित कार्यक्रम सञ्चालनका लागि गाँउपालिका वाट न्युनतम वजेट विनियोजनका लागि पहल गर्न

**४ महिला विकास समुह गठनः**

(१) प्रत्यक वडाको गाउँ/टोलमा महिला समुह गठन गर्न सकिनेछ । ऊक्त महिला समुहमा कम्तीमा ७ जना सदस्यहरु रहनेछन ।

(२) प्रत्येक समुहमा पायक मिल्ने सदस्य रहन्छन ।

(३) अतिविपन्न महिला र लक्षित समुहका महिलाहरु लाई प्राथमिकतामा राख्ने ।

(४) एक घरवाट एक जना भन्दा बढि सदस्य भयमा छुट्टाछुट्टै समुहमा मिलाईन्छ ।

(५) कुनैजाति ,सम्प्रदाय ,वैचारिक आस्थाको आधारमा समुहमा सहभागि हुन वञ्चित गरिनेछैन।

(६) यस प्रकारको समुहले महिलाका स्वास्थ्य,शिक्षा, रोजगारि,हिंसा लगाएतका कुरामा आवश्यक छलफल गर्ने ,महिकाका समस्या समाधानमा आवश्यक पहल र एकिकरण गर्ने काम गर्नेछन ।

(७) वचत सकलन र परिचालन गर्नेछनां

**(५) वडास्तरिय महिला विकास समिति गठन :**

(१) हरेक वस्ति स्तरमा गठन गरिएका समुहहरुलाई संघिकरण गरेर वडास्तरिय

महिला विकास समिति गठन गरिनेछ जसमा ७ देखी ११ जना सदस्यहरु रहनेछन ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका महिलाहरु सदस्यको रुपमा सहभागि हुन पाउने छैन्न

(क) गैर नेपालि

(ख) १८ वर्ष उमेर पुरानभएका

(ग) सरकारि पेशामा कार्यरत भएका

(घ) गै.स.सं./अ.गै.स.सं. मा कर्मचारीका रुपमा कार्यरत

(२) उपदफा(१) बमोजिमको समितिले सम्पुर्ण सदस्यको मासिक वैठको व्यवस्था गर्ने, नियमित वचत संकलन र वचतपरिचालन गर्ने, वडास्तरमा हुने सम्पुर्ण गतिविधिमा सहभागिता जनाउदै सम्पुर्ण सदस्य लाई परिचालन गर्नेछन ।

(३) उपदफा (१) बमोजिम गठित समितिले वडाका प्रत्येक टोलमा रहेका सबालहरु ,कुनै सत्य तथा तथ्य सहित सम्वन्धित निकायमा जानकारि गराउने ।

(४) उपदफा १ वमोजिमको समितिले महिलाका हित हुनेखालका क्रार्यक्रम तथा योजना माग गर्ने  तथा विकास निर्माण मा वडासमितिप्रति समन्वयकारि र सहजकारि भुमिका निर्वाह गर्नेछन ।

**(६) गाँउपालिका स्तरिय महिला विकास समुह संञ्चालन  समिति गठनः**

(१) महिलाको आर्थिक, सामाजिक,लैंङ्गिक,सास्कृतिक, मनोवैज्ञानिक एवम समग्र क्षेत्रमा समन्वयकारि भुमिका निर्वाह गर्न एकगाँउपालिका स्तरिय महिला समुह संञ्चालन समिति गठन गरिनेछ । जसमा देहायबमोजिमका पदाधिकारिहरु रहनेछन ।

(क) गाँउपालिका अध्यक्षले तोकेको कार्यपालिका सदस्यमध्यवाट १जना महिला - अध्यक्ष

(ख) वडास्तरिय महिला विकास समितिका अध्यक्ष - सदस्य

(ग) स्थानिय सहकारिका महिला १ जना -सदस्य

(घ) माध्यमिक तहका महिला शिक्षक १ जना -सदस्य

(ङ) गैरसरकारि संस्थाका महिला प्रतिनिधि १ जना -सदस्य

(च) महिला विकास शाखा प्रमुख सदस्य-सचिव

**(७) गाँउपालिका स्तरिय महिला समुह सञ्चालन समितिको काम र कर्तव्य :**

गाँउपालिकामा गठन हुने महिला विकास समुह सञ्चालन समितिले देहायका कार्यहरु गर्नेछन ।

(क) महिला अधिकार, महिलाका विविध सवालहरुका विषयमा उचित निति तथा रणनिति तय गर्न गाँउपालिका लाई सुझाव तथा सल्लाह दिने।

(ख) महिलालाई स्वास्थ्य, शिक्षा, रोजगारि,लगायत महिला हरुमा सचेतना वृद्धि गर्न आवश्यक कार्यक्रम तथा योजना तय गरि गाँउपालिकालाई सिफारिस गर्ने

(ग) महिलाविरुद्धका धार्मिक,सामाजिक ,सास्कृतिक परम्परा प्रचलन वा कुनै आधारमा शारिरिक,मानसिक,यौनजन्य,मनोवैज्ञानिक वा अन्य कुनैकिसिमको हिंसाजन्य कार्य वा शोषणका विरुद्ध आवश्यक पहल गर्ने

(घ) महिला अधिकारमैत्रि गाँउपालिका निर्माणमा आवश्यक पहल गर्ने ।

**(८) महिला समुह सुचिकृत हुनुपर्ने :**

(१) प्रत्येक टोल वा वडा मा गठन हुने महिला समुहहरु गाँउपालिको महिलाविकास शाखामा सुचिकृत हुनुपर्नेछ ।

(२) महिला विकास समुह गठनको मईन्युट,समुह अध्यक्ष र सचिवको नागरिकताको फोटोकपि सहित दर्ता का लागि निवेदन पेश गर्नुपर्नेछ ।

**(९)** कुनैपनि महिला समुहले यस कार्यविधिको उद्देश्य विपरित कार्य गरेमा वा प्रचलित कानुन वमोजिम गर्न नहुने कार्यगरेमा गाँउपालिकाले जुनसुकै वखत त्यस्तो समुह खारेज गर्न सक्नेछ । दर्ता खारेज भएपछि सो स्थानमा नयाँ महिला समुह गठन हुनेछ ।

**(१०) समुह वा समितिको नाम :**

(१) यस कार्यविधि वमोजिम गठन हुने महिला विकास समुहको नाम सोहि महिला समुहको निर्णय अनुसार हुनेछ ।

(२) उपदफा (१) वमोजिमको महिला समुहको नाम गाँउपालिको महिला शखामा दर्ता गर्ने क्रममा दर्ता भईसकेको अन्य महिला समुहको नाम संग वाझिएमा वा एउटै पर्न गएमा

दर्ता हुन आएको समुहले पुनःनाम जुराई दर्ता गर्नुपर्नेछ ।

**<u>आज्ञाले</u>**

प्रमुख प्रशासकिय अधिकृत